नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ | काठमाडौं, साउन २३ गते २०३४ साल [अतिरिक्ताङ्क २३

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "वन संरक्षण (विशेष व्यवस्था) (दोस्रो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को प्रस्तावनामा संशोधन: वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "वन जङ्गल र जङ्गली जीवजन्तुको" भन्ने शब्दहरूको सट्टा "वन जङ्गलको" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा १ मा संशोधन: मूल ऐनको दफा १ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ:-

"(२) यो ऐन सम्वत् २०४३ साल चैत्र मसान्तसम्म कायम रहनेछ ।"

४. मूल ऐनको दफा २ मा संशोधन: मूल ऐनको दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:-

"(च) "बोझबाहक" भन्नाले गाडा, गाडा तान्ने गोरू वा रांगा, ट्रक, लरी, मोटर, ट्रेक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै अन्य साधन वा जनावरलाई सम्झनुपर्छ ।"

(२) खण्ड (ज) पछि देहायको खण्ड (झ), (ञ), (ट), (ठ) र (ड) थपिएका छन्:-

"(झ) "वन अधिकृत" भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम वनको सुव्यवस्था र संरक्षणको काममा लगाइएका, खटाइएका वा तोकिएका कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रूख बिरूवा छेक्ने (गर्डलिङ गर्ने), काट्ने, बञ्चरो, आरा आदि औजार सम्झनुपर्छ ।

(ट) "वन सिमाना चिन्ह" भन्नाले वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेण्ट वा अरू कुनै वस्तुको खम्बा वा चिन्हपटलाई सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "टाँचा" भन्नाले काठ वा खडा रूखमा लगाइने छाप, चिन्ह वा निशानालाई सम्झनुपर्छ ।

(ड) "चौपाया" भन्नाले घर पालुवा चौपाया जनावर सम्झनुपर्छ ।"

५. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,–

(१) खण्ड (घ) मा रहेको "जीवजन्तु" भन्ने शब्द झिकिएको छ ।

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च), (छ), (ज) र (झ) थपिएका छन्:–

"(ङ) वन सिमाना चिन्ह सार्नु, फेर्नु, बिगार्नु वा मेट्नु,

(च) काठ वा खडा रूखमा लगाइएको सरकारी टाँचा फेर्नु, मेट्नु, नबुझ्ने गरी बिगार्नु वा किर्ते टाँचा लगाउनु,

(छ) वृक्षारोपण गरिएको वन क्षेत्रमा विरूवा भाँच्नु, उखेल्नु वा अरू प्रकारले नोक्सान गर्नु,

(ज) वृक्षारोपण गरिएको वन क्षेत्रमा खम्बा, तारको बार वा त्यस्तै अरू सम्पत्ति बिगार्नु वा चोरी गर्नु,

(झ) वन पैदावार लिने पूर्जि पाएकोमा पूर्जिको शर्त उल्लंघन गरी अरू वन पैदावार नोक्सान गर्नु ।"

६. मूल ऐनको दफा ५ ख. मा संशोधनः मूल ऐनको दफा ५ ख. को सट्टा देहायको दफा ५ ख. राखिएको छः–

"५ ख. मुद्दाको तहकिकात र दायरी (१) सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात कम्तिमा राजपत्र अनंकित द्वितीय श्रेणीसम्मको वन अधिकृतले गर्नेछ र यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित वन कार्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उप–दफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा सम्बन्धित वन अधिकृतले सरकारी वकीलको राय सल्साह लिन सक्नेछ ।

(३) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने अधिकारीको सामुन्ने यस ऐनबमोजिम सजाय हुने कसूर भएमा वा कसूरदार हो भन्ने मनासिव शंका लागेको व्यक्ति वा त्यस्तो कसूरसित सम्बन्धित वन पैदावार वा बोझबाहक निजले फेला पारेमा वा त्यस्तो कसूरको सम्बन्धमा कसैको उजूरी परेमा निजले आफै त्यस्तो कसूरको तहकिकात गरी मुद्दा हेर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनमा दफा ५ ग. र ५ घ. थपः मूल एनको दफा ५ ख. पछि देहायको दफा ५ ग. र ५ घ. थपिएका छन्:–

"५ ग. खानतलासीको अधिकारः (१) यस ऐनबमोजिम सजाय हुने कुनै कसूर भएको छ भन्ने मनासिव माफिकको शंका भएमा कम्तिमा राजपत्र अनंकित द्वितीय श्रेणी–सम्मको वन अधिकृत वा कम्तिमा सहायक प्रहरी निरीक्षकले कुनै स्थानको खानतलासी लिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम खानतलासी लिने कर्मचारीले खानतलासी लिनु पर्ने कारण खोली खानतलासी लिने धनीलाई सो स्थानमा प्रवेश भन्दा पहिले सूचना दिनुपर्छ ।

(३) उप–दफा (१) बमोजिम खानतलासी लिनलाई छिमेकका कम्तिमा दुईजना भलादमीहरूलाई साक्षी राखी सो साक्षीहरूको रोहवरमा खानतलासी लिनुपर्छ ।

(४) मानिस बसोबास गरेको घरको खानतलासी लिनु परेमा सो घरमा स्वास्नीमानिस भए हट्न सूचना र मौका दिनुपर्छ ।

(५) यस दफामा लेखिएको कुनै कुराले खानतलासी लिने कर्मचारीलाई सूर्यास्तदेखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घर दैलामा प्रवेश गर्ने अधिकार हुने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको निमित्त "स्थान" भन्नाले पाल, डुङ्गा र सवारी समेतलाई जनाउँछ ।

५घ. सडीगली जाने माल वस्तु र चौपाया लिलाम बिक्री गर्न सकिनेः यस ऐनअन्तर्गत सजाय हुने कसूरमा बरामद भएका सडीगली जाने माल वस्तु र चौपायालाई अधिकृतले नजिकको वन कार्यालयमा ल्याई लिलाम बिक्री गर्न सक्नेछ र त्यसरी लिलाम बिक्रीबाट आएको रूपैयाँ पछि ठहरेबमोजिम गर्ने गरी धरौटीमा आम्दानी–बाँधिनेछ ।

तर, माल वस्तु वा चौपायाको धनीले सो माल वस्तु वा चौपाया बापत वन अधिकृतले तोकेको मनासिब माफिकको धरौटी दाखिल गरेमा वन अधिकृतले सो माल वस्तु वा चौपाया निजलाई फिर्ता दिन सक्नेछ ।"

८. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. पुरस्कार दिने: यस ऐनअन्तर्गतको कसूरको जाँचबुझमा बरामद भै जफत भएका वन पैदावार, बोझबाहक औजार र अन्य साधनहरू रीतपूर्वक लिलाम बिक्री गरी आएको रकम मध्येबाट सुराक दिई अभियुक्त पक्राउ गराइदिने व्यक्तिलाई सरकारी कर्मचारी भए बीस प्रतिशत र गैर–सरकारी व्यक्ति भए तीस प्रतिशत पुरस्कार दिइनेछ र बाँकी रकम संचित कोषमा दाखिल गरिनेछ ।"

९. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ मा रहेको "वन पैदावार र जंगली जीवजन्तुको" भन्ने शब्दहरूको सट्टा "वन पैदावारको" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा ९ मा संशोधन मूल ऐनको दफा ९ को,–

(१) उप–दफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ.–

"(ख) दफा ३ को खण्ड (ख) अन्तर्गतको कसूर गर्ने व्यक्तिलाई वन पैदावार हटाई कुनै तवरले जग्गा आवाद गरेको वा गर्न लगाएकोमा वा घर छाप्रो बनाएको वा बनाउन लगाएकोमा वन पैदावार हटाए वा हटाउन लगाए बापत यस उप–दफाको खण्ड (क) बमोजिम सजाय हुनेछ र जग्गा आवाद गरे बापत तराइ क्षेत्रमा भए प्रति विगहा दुईसय रूपैयाँका दरले र अन्यत्र भए प्रति रोपनी पचास रूपैयाँका दरले थप जरीवाना समेत हुनेछ । घर छाप्रो बनाएकोमा घर छाप्रो समेत जफत हुनेछ । वन पैदावार नहटाई जग्गा आवाद गरेमा वा गर्न लगाएमा वा घर छाप्रो बनाएमा वा बनाउन लगाएमा तराइ क्षेत्रमा भए प्रति विगहा दुईसय रूपैयाँका दरले जरीवाना र अन्यत्र भए प्रति रोपनी पचास रूपैयाँका दरले जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र घर छाप्रो बनाएकोमा सो समेत जफत हुनेछ ।"

(२) उप–दफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ),(च),(छ) र (ज) थपिएका छन् :–

"(ङ) दफा ३ को खण्ड (ङ) वा (च) अन्तर्गत कसूर गरेमा दुईहजार रूपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) दफा ३ को खण्ड (छ) अन्तर्गतको कसूर गरेमा प्रति विरूवाको दश रूपैयाँदेखि एकसय रूपैयाँसम्म जरीवाना हुनेछ।

(छ) दफा ३ फो खण्ड (ज) को विपरीत खम्बा, तारको बार वा त्यस्तै अरू सम्पत्ति बिगारेमा बीस रूपैयाँदेखि एकसय रूपैयाँसम्म जरीवाना वा दुई महीनासम्म कैद वा दुवै सजाय हुनेछ। त्यस्तो सम्पत्ति चोरी गरेमा बिगोबमोजिम दण्ड वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ र बिगो समेत असूल गरिनेछ

(ज) दफा ३ को खण्ड (झ) अन्तर्गतको कसूर गरेमा बिगो असूल गरी बिगोबमोजिम दण्ड र पाँचसय रूपैयाँसम्म थप जरीवाना हुनेछ।"

(३) उप–दफा (३) मा रहेको "सरकारी कर्मचारीको हकमा सेवाबाट मुक्त गरी दुई वर्षसम्म कैद हुनेछ" भन्नेवाक्याँशको सट्टा "सरकारी कर्मचारीलाई दुई वर्षसम्म कैद हुनेछ" भन्ने वाक्याँश राखिएको छ।

११. मूल ऐनमा दफा ९ क. थप: मूल ऐनको दफा ९ पछि देहायको दफा ९ क. थपिएको छ:–

"९क. बरामद भएका माल वस्तु जफत हुने: यो ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कसूरमा बरामद भएका सबै वन पैदावार, बोझवाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछ।

तर, पाँचहजार रूपैयाँभन्दा कम्ति मोल पर्ने बिगोको वन पैदावार लादी ल्याएको ट्रक, लरी, मोटर र ट्रेक्टरको हकमा त्यस्तो ट्रक, लरी, मोटर र ट्रेक्टर जफत नभई दफा ९ अन्तर्गत हुने सजायमा पाँचसय रूपैयाँदेखि पाँचहजार रूपैयाँसम्म थप जरीवाना हुनेछ।"

१२. मूल एनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को उप–दफा (२) झिकिएको छ।

१३. रूपान्तर: मूल ऐनमा "फरेष्टर अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "वन अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

१४. वन संरक्षण (विशेष व्यवस्था) (दोस्रो संशोधन) अध्यादेश, २०३३ निष्क्रिय भएपछि त्यसको परिणाम: वन संरक्षण (विशेष व्यवस्था) (दोस्रो संशोधन) अध्यादेश, २०३३ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले:–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत-पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मिति.– २०३४।४।२३।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

958